आज मिति २०७९/०३/६ गतेका दिन यस राप्ती सोनारी गाउँपालिकामा श्री तप्त बहादुर पौडेलको अध्यक्षतामा कार्यपालिकाको बैठक शुरु गरियो

उपस्थिति

| क.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री तप्त बहादुर पौडेल | अध्यक्ष | |
| २ | श्री मनिषा सिंह थारु | उपाध्यक्ष | |
| ३ | श्री यम बहादुर खड्का | वडा नं. १ अध्यक्ष | |
| ४ | श्री ज्ञानेन्द्र राज ओली | वडा नं. २ अध्यक्ष | |
| ५ | श्री मिन कुमार थारु | वडा नं. ३ अध्यक्ष | |
| ६ | श्री मिन राज खड्का सन्तोष | वडा नं. ४ अध्यक्ष | |
| ७ | श्री झगरु थारु | वडा नं. ५ अध्यक्ष | |
| ८ | श्री लव राज खरेल | वडा नं. ६ अध्यक्ष | |
| ९ | श्री राम लखन थारु | वडा नं. ७ अध्यक्ष | |
| १० | श्री शालिक राम डाँगी | वडा नं. ८ अध्यक्ष | |
| ११ | श्री सोहन लाल थारु | वडा नं. ९ अध्यक्ष | |
| १२ | श्री सुमित्रा थारु | कार्यपालिका सदस्य महिला | |
| १३ | श्री गौत्रा कुमारी डाँगी | कार्यपालिका सदस्य महिला | |
| १४ | श्री यम कुमारी वली | कार्यपालिका सदस्य महिला | |
| १५ | श्री राधिका सुनार | कार्यपालिका सदस्य महिला | |
| १६ | श्री केशब राज दमाइ | कार्यपालिका सदस्य दलित | |
| १७ | श्री थान बहादुर बि.क | कार्यपालिका सदस्य दलित | |
| १८ | श्री सिंह राज डाँगी | प्रमुख प्रशासकीय अधिकृत | |

CamScanner

**प्रस्ताव हरु :**

प्रस्ताव १ क्रसर र घाट गद्दीहरुको कागजातर र नियमनुसार आवश्यक कार्य गर्ने गराउने सम्बन्धमा ।

प्रस्ताव नं. २मा आ.ब. २०७९/८० का लागि बजेट सिलिङ्ग सम्बन्धमा ।

प्रस्ताव नं. ३ समितिहरु अनुगमन र न्यायिक समिति गठन सम्बन्धमा ।

**निर्णयहरु :**

प्रस्ताव.नं. १ को प्रस्तावमा व्यापक छलफल गर्दा घाट गद्दीहरुको अनुगमन गर्दा देखिएको नदिजन्य पदार्थको लागि मिति २०७९/२/१७ गते र २३ गतेको कार्यपालिका निर्णय बमोजिम स्थलगत अनुगमन गर्दा आएका फर्म व्यवसायी उध्योगी र गा.पाको बिगतको निर्णय बाट अनुमति प्रदान गरिएकोहकमा बैधानिक परिमाण भित्रको हकमा प्रति घनफिट ०.५० पैसा र अबैधानिक परिमाणहरुको लाइ प्रतिधन फिट रु ८.५० को दरले जरीवान शुल्क संकलन गर्ने यी सबै नदिजन्य पदार्थ २०७९ असार मसान्त भित्र उठाईसक्नु पर्ने छ अन्यथा घाट गद्दी भित्रको सम्पूर्ण परिमाण जफत गरि लिलाम गर्ने निर्णय गरियो साथै गा.पा भित्रका क्रसर वालुवा प्रशोधन उद्योगीहरुको हकमा आगामी ३ दिन भित्र २०७७/०७८ अडिट रिपोटिंग सहित पेशगर्न आहृन गर्ने र सो समयमा आउन नसेको आवश्यक कारबाही लागि प्रकृया अगाडी बढाउने निर्णय गरियो (पत्रचार गर्ने र त्यस पत्रमा क्रसर उद्योग बन्द हुने जानकारी दिने )

प्रस्ताव नं. २ को प्रस्तावमा छलफल जारी रहेको ले आगामी कार्यपालिकाको बैठकमा थप छलफल गरिने निर्णय गरियो

प्रस्ताव नं. ३ को प्रस्तावमा व्यापक छलफल गर्दा यस गाउँपालिकाबाट संचालि हुने आयोजना तथा कार्यक्रमको लागत परीणाम समससीमा र गुणस्तर अनुगमन गरि आवश्यक पृष्ठपोषण दिनको लागि देहाय अनुरुपको अनुगान तथा सुपरिवेक्षण समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| मनिषा सिंह थारु , उपाध्यक्ष | : संयोजकमा |
| यम कुमारी वली, कार्यपालिका सदस्य | : सदस्य |
| लब राज खरेल , कार्यपालिका सदस्य | : सदस्य |
| सम्वन्धित क्षेत्रका विषयगत शाखा प्रमुख | : सदस्य |
| योजना शाखा प्रमुख, | : सदस्य सचिब |

CamScanner